# ८. श्री हरिप्रसाद "गोर्खा" राई

*[संवत् २०५३ साल कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोहमा "विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संर्द्धनका निम्ति विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरेबापत" प्रदान गरिएको संवत् २०५२ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि कोहिमा नागाल्यान्ड भारतका श्री हरिप्रसाद 'गोर्खा' राईले व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १४८ बाट उद्धृत गरिएको हो ।]*

उपकुलपतिज्यू, कविवर व्यथितज्यू, आदरणीय दीक्षितज्यू, समादरणीय सभ्यगण !

सन्दर्भ हाम्रो दूरभाषिक वार्तालाप, मलाई दीक्षितजीको प्रश्न थियो– 'जगदम्बा-श्री'द्वारा सम्मानित हुँदा कस्तो लाग्यो ? यस्तो मीठो आकर्षक आत्मीयतापूर्ण प्रश्नको म के उत्तर दिन्थें ? प्रश्न सुनेरै धन्य मानें । कुनै तपस्वीले दीर्घतपस्याको अन्त्यमा स्वयम् आराध्यदेव आफ्नो अगाडि आएर 'के वर माग्दछस् माग' भनी ज्योतिर्मय रूप धारण गरी उभिरहनुभएझैं लाग्यो !

नागाभूमिमा जन्मेर त्यहीं जीवननिर्वाह गर्दै, जानी-नजानी आजीवन आफ्नो मातृभाषाको सेवा गरिरहने; आफूलाई लुकाएर आत्मप्रचार, प्रसारदेखि दूर रहने; कर्म नै कर्मको पुरस्कार हो, यस्तो मतवादी; कर्ममय जीवनमा, कर्ममै निष्काम अहैतुकी भावले लीन, मौन रहनेलाई अकस्मात् मदन पुरस्कार गुठीको जगदम्बा-श्री जस्तो श्रेष्ठ पुरस्कार प्राप्त हुँदा छक्क पर्नु त कुरै हो र प्रथमतः आश्चर्य मानें । भनें :

*नमो महारानी जगदम्बे*
*लेखनी सर्वश्व कविकुल-अम्बे !*
*युग युगान्तर, जन्म जन्मान्तर, कल्पकल्पान्तर*
*नारायणी सम्झी गुण गाउन पाऊँ*
*मदन पुरस्कारमा संलग्न सहस्रादि सबै नाऊँ ।*
*मेरो लागि नव जन्म हो*

*र भन्छु–*
*यो अन्त्य होइन आरम्भ हो ।*
*कुन कता पहाडको गुफादेखि*
*मलाई टिपी ल्याउनु भो,*
*र अधिराज्यभरिका महान् ज्योतिष्क मण्डलीका*
*सामुन्ने उभ्याइदिनुभो !*
*यो मेरो नवजन्म भो !*
*अस्ताचलगामी सूर्य पनि निशाशेषमा*
*उदयाचलमा फुल्कन पुग्छ भने*
*के यो चिरसत्य नदोहोरिएला र ?*
*वेदव्यासले यही जन्म लिए,*
*तपस्या गरे वेदाङ्ग रचे,*
*रचनाकार बने श्रीमद्भागवत्को ।*
*अवतरित भए जहाँ गौतम बुद्ध*
*राजऐश्वर्य त्यागी*
*परमशुद्ध मन्त्र दिए*
*मैत्री, करुणा, अहिंसाको ।*
*काखमा बस्नु हजुरको,*
*यो मेरो परम सौभाग्य हो ।*
*जय हे जय हे नेपाल भू !*
*म पनि हजुरको*
*सन्तानकै सन्तानको सन्तान हुँ !*

हाम्रो नेपाली परम्परामा दूरदरान्तर देशदेशान्तर पुगेका छोरा-छोरी नाति-पनाति सबै दसैंमा आशीर्वाद थाप्नु आफ्नो बाबु-बाजेहरू कहाँ पुग्छन्, तब यो समारोहको समय पनि ठीकै रोज्नुभयो ।

हे साहित्यिक महारथीहरू, यस मङ्गलमय सभामा उपस्थित विद्वान् विदूषीहरू,

*हामी छौं दूर वनवासी, एकलव्य, अशिक्षित ।*
*म पनि पङ्गुजै भए पनि पङ्गु समानले*
*गर्दछु कृतज्ञतास्वरूप उत्सर्ग ।*

२५ वर्षअघि विराटनगरमा नेपालका कविराजासमक्ष कविता पाठ गरेको र उहाँबाट पुरस्कृत भएको सम्झना मेरोमा ताजै छ । उस समय कविबर व्यथितले ममाथि दर्शाउनुभएको स्नेह पनि म भुल्न सक्तिनं । हजुरहरू नेपालबासीहरूको हृदय विशाल छ । हजुरहरू भारतवासीलाई पनि सम्मान गर्नुहुन्छ, पुरस्कृत गर्नुहुन्छ । हामी

भारतकाले हजुर नेपालीहरूलाई त्यस्तो गर्न सकेका छैनौं। हामी भारतवासीहरूले पनि हजुरहरूको गुण सिक्न सके कति जाति हुन्थ्यो।

यसै सन्दर्भमा म मेरा साहित्यकार मित्र, यस वर्षको 'मदन पुरस्कार' विजयी श्री विनोदप्रसाद धितालालाई अभिवादन गर्दछु।

अब एउटा कुरा आज म मेरो नेपाली रगतका भाइबन्धुहरूलाई भन्न चाहन्छु- नेपाल-आमाका अङ्गप्रत्यङ्ग हजुरहरू हुनुहुन्छ। हजुरहरू एक भएमा मात्र नेपाल सग्लो रहनेछ। नेपालआमा सग्ली रहिन् भने मात्र भारतमा छरिएर रहेका हामी नेपाली भारतीयहरूको अस्मिता रहनेछ। भारतीय नेपाली र नेपाली नेपालीका बीचको पुल हो नेपाली भाषा भन्ने म ठान्दछु। यो मीठो, रसिलो र सशक्त भाषारूपी पुललाई सदैव सगौरव झनै बलियो, झनै सुदृढ गर्दै जानुपर्छ भन्ने मलाई लाग्छ। यस कुरामा विनम्रतासाथ हजुरहरूको ध्यानाकर्षण गराउन चाहँदछु।

हाम्रो यो प्यारो भाषाको मिठास संसारभरि नै फैलाउनुपर्छ भन्ने मेरो आग्रह छ। यस महान् कार्यका लागि नेपाली मूलका विराट हृदयवाला लक्ष्मी-पुत्रहरूको हृदयको द्वार खुलोस् भन्ने मेरो आन्तरिक विनम्र बिन्ती छ।

अन्त्यमा, आज यसरी हजुरहरूसामु उभिएर बोल्न पाएकोमा म कति गौरवान्वित भएको छु, त्यो सक्ने भएमा म छाती चिरेर देखाउने थिएँ। तसर्थ, यो मौका प्रदान गर्नेबारेमा मदन पुरस्कार गुठीका सञ्चालकवर्ग तथा अध्यक्षप्रति म चिरकृतज्ञ छु भनी जाहेर गर्दछु।

जयतु भाषा जननि !

☒ ☒ ☒